



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ३ मंसिर २०८० Year 31 Vol 3 Nov.-Dec. 2023


## राष्ट्रिय वाणिज्य बैंकद्वारा भूकम्प पीडितको सहायताको लागि एक करोड रुपैंया आर्थिक सहयोग प्रदान



**काठमाडौं, २१ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्प पीडितको सहायताका लागि एक करोड रुपैंया आर्थिक सहयोग प्रदान गरेको छ। बैंक सञ्चालक समिति सदस्य दिलिपकुमार ढुङ्गानाले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दहाल "प्रचण्ड"लाई एक कार्यक्रमका बीच एक करोड रुपैंयाको चेक रकम हस्तान्तरण गर्नु भएको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भूकम्प पीडितहरुको उद्धार र उपचारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको राष्ट्रिय वाणिज्य बैंकमा रहेको च.हि.न. ११३०१००००३७६२००१ खातामा बैंकको तर्फबाट एक करोड रुपैंया ट्रान्सफर गरेको छ । भूकम्पका कारण मृत्यु हुने नागरिकहरु प्रति बैंक हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । साथै, बैंक घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछ।

उक्त कार्यक्रममा मुख्य सचिव डा.बैकुण्ठ अर्याल, स्वकिय सचिव गंगा दहाल, बैंक सञ्चालक समिति सदस्यहरु रोमिला ढकाल उप्रेती,सुशिल घिमिरे र लक्ष्मण घिमिरे, नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदी, सिंहदरबार परिसर शाखाका प्रबन्धक अनिश रायमाझी, सहायक प्रबन्धक ईश्वर उप्रेती, सन्दिप अर्याल, गगन लोहारको उपस्थिति रहेको थियो। ■

## बैकर्स अनलराज भट्टराई बैंक सञ्चालक समिति सदस्यमा नियुक्त



**काठमाडौं, १० मंसिर**

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिका नव नियुक्त सदस्य अनलराज भट्टराईले बैंक सञ्चालक समितिका अध्यक्ष बाबुराम सुवेदीबाट पद तथा गोपनियताको शपथ लिनु भएको छ। उक्त कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु र कम्पनी सचिवको उपस्थिति रहेको थियो। सञ्चालक भट्टराई सानिमा बैंक तथा कमर्ज एण्ड ट्रस्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत हुनुहुन्थ्यो। ■

## रा.वा.बैंकद्वारा श्री दल गुल्मलाई ल्यापटप हस्तान्तरण




**महेन्द्रनगर, ११ मंसिर**

राष्ट्रिय वाण्जिय बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगरले संस्थागत सामाजिक उत्तरदायित्तव अन्तर्गत नेपाली सेनाको श्री दल गुल्म भगतपुर, महेन्द्रनगरलाई एक कार्यक्रमका बीच ल्यापटप हस्तान्तरण गरेको छ। बैंकका सुदूरपश्चिम प्रादेशिक कार्यालयका उप-प्रमुख कर्णदेब जोशीले उपसेनानी प्रमोद थापालाई हस्तान्तरण

थप समाचार पृष्ट २ ▶▶

## तालिम विदेश

◆Banking, Finance & Insurance Institute of Nepal ले 2023 Annual London Global Convention (Corporate Governance & Sustainability), London, U.K. मा सञ्चालन गरेको कार्यक्रममा मिति 2023 Oct.17-20 सम्म बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठक र प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले भाग लिनु भएको छ। ■

◆HARVARD Kennedy School Executive Education, USA मा सञ्चालन भएको Investment Decision & Behavioural Finance उच्चस्तरीय कन्फरेन्स कार्यक्रममा मिति 2023 Oct. 25-27 सम्म बैंक सञ्चालक समिति सदस्य (हाल अध्यक्ष) बाबुराम सुवेदीले भाग लिनु भएको छ। ■

### रा.वा.बैंकद्वारा ...

गर्नुभएको हो । राष्ट्रिय वाणिज्य बैंकको यस कदमले सामाजिक रुपमा बैंकको थप सम्बन्ध बिस्तार गर्न सहयोग पुगेको र सार्वजनिक निकायसँगको सम्बन्ध थप सुमधुर भएको जोशीले बताउनुभयो । कार्यक्रममा उपसेनानी प्रमोद थापाले बैंकको आर्थिक तथा प्राविधिक सहयोगले नेपाली सेनाका राष्ट्र सेवकलाई नीजि आवास व्यवस्था गर्न सघाउ पुगेको बताउनुभयो । यस अघि शाखाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बृद्ध आश्रमा फलफूल बितरण, विभिन्न विद्यालयमा वित्तिय साक्षरता जस्ता कार्यक्रम समेत गर्दै आइरहेको शाखा कार्यालय महेन्द्रनगरका शाखा प्रबन्धक त्रिचन्द्र भण्डारीले बताउनुभयो । ■

# एडभान्स् एक्सेल सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १४ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एडभान्स् माइक्रोसफ्ट एक्सेल सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ। मंसिर १२ देखि १४ गतेसम्म बैंकका विभिन्न विभाग तथा मुख्य शाखा कार्यालयमा कार्यरत ३१ जना कर्मचारीहरु सहभागी भएको तालिममा Excel essentials, Formatting and ease of use, Data analysis, Advanced worksheet functions, Advanced Calculations, Advanced data analysis and representations, Templates and printing, Lookup, Use of pivot table सम्बन्धी विषयमा सिए मनोज काफ्ले विषयगत प्रशिक्षण दिनुभएको थियो। ■

## युनियन गतिविधि

# वित्तीय संस्था कर्मचारी संघको नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न





**काठमाडौं, १३ असोज**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकको आयोजनामा नेतृत्व विकास तथा उत्प्रेरणा सम्बन्धी तालिम बर्दिबासमा सम्पन्न भएको छ। मधेश प्रदेशका सभासद कौशल किशोर रायको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता संघका बरिष्ठ उपाध्यक्ष एवं तालिम तथा विकास विभागका प्रमुख मिलनबाबु नेपालले गर्नुभएको थियो। नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मीले नेतृत्व विकास, मोटिभेशनल स्पिकर देवेश गुप्ताले उत्प्रेरणा सम्बन्धी र शाखा कार्यालय लहानकी शाखा प्रबन्धक रन्जिता कुमारी झाले जोखिम व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिनु भएको तालिमा नेपाल वित्तीय संस्था कर्मचारी संघमा आवद्ध ९९ जना सदस्यहरुको सहभागिता रहेको थियो। कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, महासचिव सुदिन केसी लगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो। ■



लेख

# के हो क्यास डिल ? गर्न सकिन्छ क्यास डिल



– **द्वैपायन रेग्मी,** उप प्रबन्धक

## पृष्ठभूमि

एकछिनलाई मानौं, तपाईंसँग खर्च गर्न रकम गोजीमा छैन, तर बैंक खातामा छ। बैंक वा बैंक एटीएम अलि टाढा छ। तपाईं के गर्नु हुन्छ ? नजिकै को कोहि साथी सँग नगद मागेर, पछी रकम उसको खातामा ट्रान्सफर गरिदिनु हुन्छ कि आफैं बैंक कुदेर रकम निकाल्नु हुन्छ? सहज भए सम्म, सायद तपाईं नगद मागेर उसको खातामा मोवाईल बैंकिंग बाट उक्त रकम रकमान्तर गरिदिनु हुन्छ - त्यो गर्दा, तपाईंको एटिएम सम्मजाने आउने खर्च देखी समय सम्मको जोहो हुन्छ। अर्को पक्ष बाट हेरौं, तपाईं सँग चाहिने भन्दा बढी रकम छ, अनि कोहि नजिकै खातामा रकम भएको तर गोजीमा रकम नभएको देख्दा - के गर्नु हुन्छ ? उसलाई रकम दिएर खातामा रकमान्तर गर्न सायद सहज र हितकारी हुन्छ - दुवै पक्षलाई ! क्यास डिल यहि नै हो ! शाखाको ढुकुटीमा रकम अभाव हुँदा, नजिकैमा रहेको अर्को वाणिज्य बैंकबाट रकम लिई बैंक सञ्चालन गर्ने, र उक्त वाणिज्य बैंकको खातामा रकम ट्रेजरी विभागले रकमान्तर गरिदिने प्रक्रिया वा शाखाको ढुकुटीमा चाहिने भन्दा बढी रकम हुँदा, अर्को वाणिज्य बैंकलाई उक्त रकम नगदमा दिएर आफ्नो ढुकुटीमा बिमित रकम राख्ने, र बाँकी रकम उक्त बैंकको ट्रेजरी विभागले रकमान्तर गरिदिने प्रक्रिया हो।

## फाइदा

- तोडाचलन शिर्षकको खर्च
- बिमित रकम भन्दा बढी रकम ढुकुटीमा रहंदा हुने तनाब र जोखिम न्यूनीकरण
- नोटकोष प्रयोग गर्नु पर्दा लाग्ने खर्च न्यूनीकरण
- समय को बचत र सहज

## कसरी गरिन्छ क्यास डिल?

क्यास डिल दुई अवस्थामा गरिने गरिन्छ :

- **नगदी रकम अभाव भएको खण्डमा:** जब तपाईं लाई लाग्छ, तपाईं लाई आज शाखा सञ्चालन गर्नको निमित्त नगद आवश्यक छ, सर्व प्रथम गरिनु पर्ने कार्य भनेको नजिकै रहेको बैंक (तपाईंको शाखा भएकै भवनमा हुन सक्छ, ओल्लो घर पल्लो घरमा हुन सक्छ, या हिडेर पुगिने दुरीमा हुन सक्छ ), उनिहरु सँग सम्पर्क गर्नु पर्छ। यदि कोहि सँग आवश्यक भन्दा बढी रकम रहेछ भने, उनीहरु पनि उक्त रकम ढुकुटीमा राखेर जोखिम लिनु भन्दा कसैलाई दिन पाए हुन्थ्यो भन्ने मनसायमा हुन्छन्, नोटकोषमा जम्मा गर्दा शुल्क लाग्ने हुन्छ त्यो भन्दा क्यास डिल नै गर्न उपयुक्त ठान्छन र तपाईंलाई रकम दिन तयार हुन्छन। आधिकारिक रुपमा उनीहरुलाई एउटा ईमेल पठाएर वा मौखिक रुपमा रकमलिने सहमति भैसके पश्चात, ट्रेजरी विभागलाई एउटा आवेदन दिनु पर्ने हुन्छ। ट्रेजरी फ्रन्टले यस कार्य गर्ने भएको हुँदा, शाखा बाट चिट्ठी आउन साथ, त्यहाँ बाट सम्पर्क भएको बैंकको ट्रेजरी विभाग सँग सम्पर्क राखी डिल गरिने छ। डिलमा, तपाईंको बैंकको उक्त शाखालाई यति रकम हाम्रो यस शाखाको फलानो कर्मचारीलाई (उता बाट ल्याई दिने भए सोहि अनुरुपको) उपलब्ध गराईदिनु होला भनेर उल्लेखित हुन्छ। त्यस पश्चात, ट्रेजरी विभागले डिल भैसकेको जानकारी सम्बन्धित शाखालाई दिन्छ। अब शाखाले उक्त बैंकगई माग अनुरुपको रकम लिएर आउँन सक्ने हुन्छन। पछाडि, तपाईंले रकम ल्याए पश्चात, ट्रेजरी ब्याकले उल्लेखित रकम आरटिजीएस बाट सम्बन्धित बैंकलाई उनीहरुको खातामा पठाईदिन्छन, र शाखा बाट एडभाईस आए पश्चात हिसाबमिलान गरिन्छ।
- **नगदी रकम बढी भएको खण्डमा:** बिमित रकम भन्दा बढी भएको अवस्थामा, नजिकै को बैंक सँग सम्पर्क राखेर उनीहरुलाई रकम आवश्यक छ कि छैन भनेर बुझ्न सकिन्छ। आवश्यक भएको र नगद रकम लिन उनीहरु तयार भएको खण्डमा सहमति गरी ट्रेजरी विभागलाई आवेदन दिनु पर्ने हुन्छ। त्यस पश्चात, उक्त बैंकको ट्रेजरी विभाग सँग यस बैंकको ट्रेजरी विभागले सम्पर्क राख्छन र डिल गरिन्छ। डिलमा हामीले यति रकम उनीहरुको बैंकको उक्त शाखालाई प्रदान गर्ने हुँदा रकम बुझ्ने कर्मचारीको नाम र विवरण माग्छौं। डिल सम्पन्न भए पश्चात, शाखालाई त्यस बारे जानकारी गराइन्छ। शाखाले जानकारी पाए पछी उल्लेखित रकम दिन मिल्छ। पछाडि, उक्त बैंकले हाम्रो खातामा रकम रकमान्तर गरी दिन्छन र यहाँ बाट एडभाईस बनाईन्छ र शाखालाई पठाई हिसाब मिलान गरिन्छ।

## निस्कर्ष

क्यास डिल सहज छ भन्दैमा सबै शाखाहरु ले पक्कै पनि गर्न छुट छैन। नोटकोष भएका शाखाहरुले क्यास डिल गर्न मिल्दैन। त्यसै गरी क्यास डिल गर्दा ढुकुटीको बीमालाई मध्यनजर गरेर गर्नु पर्ने हुन्छ, जसले गर्दा शाखा सुरक्षित रहन्छन। बिमित रकमभन्दा बढी रकमको क्यास डिल गर्न मिल्दैन। त्यसै गरी क्यास डिल गर्दा रकम बुझ्ने कर्मचारीको नाम र कर्मचारी नम्बर आवश्यक हुन्छ। धेरै पटक क्यास डिल सम्बन्धि सहमति भैसके पनि ट्रेजरी विभागलाई ढिलो गरि सुचित गराईने गरिन्छ, तर क्यास डिल सम्बन्धी सहमती भैसके पछी ट्रेजरी विभागलाई तुरुन्त जानकारी गराएमा कारोबार छिटो गर्न सम्भव हुन्छ। प्रतिस्पर्धात्मक समयमा नाफा बृद्धीको निमित्तखर्च कटौतीपनि एउटा औजार हो भनेर बुझ्ने हो भने, यो आवश्यक समेत रही आएको छ। होला, सबै शाखाको छेउमा अर्को बैंक नहुन सक्छ - मुलतः पछी खुलेका गाउँपालिकामा त्यहि एउटा बैंक हुन्छ, र अर्को सदरमुकाममा हुन्छ - त्यस्तो ठाउँमा क्यास डिल नहुन सक्छ। तर सदरमुकाममा रहेको, नोटकोष नभएको शाखाहरुले अरु बैंक को नोटकोष प्रयोग गर्नु भन्दा क्यास डिल गर्न पक्कै सक्ने छन्। ■

# राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर जिल्ला प्रशासन कार्यालय धनकुटामा

**काठमाडौं, १८ मंसिर**

कोशी प्रदेश धनकुटा जिल्लाको जिल्ला प्रशासन कार्यालय परिसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ७१ औं एक्सटेन्सन काउन्टर तथा राजश्व सङ्कलन केन्द्रको एक समारोहका बीच शुभारम्भ गरिएको छ । जिल्ला प्रशासन कार्यालय धनकुटाका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल र बैंकका कोशी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक दिपकराज न्यौपाले एक्सटेन्सन काउन्टरको समुद्घाटन संयुक्त रुपमा गर्नुभएको थियो ।



शाखा कार्यालय धनकुटा मार्फत रहने सो एक्सटेन्सन काउन्टर बाट विभिन्न सरकारी कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर, कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायतको रकम जम्मा गर्न सकिने छ । सो अवसरमा नेपाल पत्रकार महासंघ धनकुटाका अध्यक्ष नगेन्द्र राई, उद्योग वाणिज्य संघका उपाध्यक्ष तारा तितुङ्ग, शाखा कार्यालय धनकुटाका शाखा प्रबन्धक खगेन्द्र कन्दङ्गवा, स्थानीय प्रतिनिधि, सरकारी कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

## ब्राञ्च प्रोफाइल

**(आ.व. २०७८।०७९ को घ वर्गको उत्कृष्ठ शाखा)**

### शाखा कार्यालय सिमिकोट (४१९)



कुल निक्षेप = रु. ७२,०३,६२,२४६।१४
कुल कर्जा = रु. ४,१७,८५४,६१४।७५
कुल मुनाफा = रु. १२,५९,०१३।५३
कुल ग्राहक संख्या = २१४०८ जना
कुल कर्मचारी संख्या = ७ जना
खराव कर्जा प्रतिशत = १.०२५ प्रतिशत
शाखा प्रबन्धक दिपक कुमार साह
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०३४।०३।१३
प्रति कर्मचारीः
क.निक्षेप = रु. १,०२,९०८,८९२।-
ख.कर्जा = रु. ५९,६९३,५१६.४०
ग. नाफा = रु. १,७९,८५९।०८

**सफलताको रहस्य :**

ग्राहकप्रति जिम्मेवार तथा गुणस्तरीय सेवा, कामप्रति सम्पूर्ण, “कर्म नै धर्म हो” भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै Team Spirit को विकाश, अनुसाशन तथा नीति नियममा रही कार्यसम्पादन, कर्मचारीहरु बीचमा सुमधुर सम्बन्ध तथा समन्वय, लक्ष्यप्रति सदैव दत्तचित्त भई कार्यसम्पादन नै शाखाको प्रगतिको मुल आधार रहेको छ ।

## समवेदना

यस बैंकका शा.का. सुर्खेतमा कार्यरत बरिष्ठ सहायक सपना राई (११४८५) का सासु आमा दिलमाया लिम्बु, के.का. सूचना प्रविधि विभागमा कार्यरत सहायक प्रबन्धक सन्तु देवला (११४८५) का पिता सानुभाई पोडे, शा.का.बालाजुमा कार्यरत सहायक प्रतिमा राई (१२९६६) की ससुरा बुबा मनिलाल राई, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक राम निवास राय (१२४७०) का पिता राम आशिस राय यादबको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सुचना अधिकारी

**सहायक सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**